गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

# पूर्वाधार विकास कार्यालय

## कुश्मा, पर्वत

## सवारी साधन (जीप) भाडामा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०५**

यस पूर्वाधार विकास कार्यालय पर्वतलाई चालु आ.व. २०८३/०८४ मा स्वीकृत योजना तथा कार्यक्रमहरूको अनुगमन तथा कार्यान्वयनको लागि जिल्लाको सबै स्थानीय तह लगायत प्रत्येक वडामा घुम्न सक्ने ५ सिट क्षमता भएको तपसिल बमोजिमका सुविधाहरू भएको सवारी साधन मासिक रूपमा भुक्तानी हुने गरी मासिक भाडामा लिनुपर्ने भएकोले सवारी साधन धनीले यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र कार्यालयद्वारा तोकिएको ढाँचामा देहाय बमोजिमका शर्तहरूको अधिनमा रही आफ्नो सवारी साधनको मासिक भाडादर उल्लेख गरी सिलवन्धि दरभाउ पत्र पेश गर्नुहुन जानकारी गराइन्छ। आवश्यक रीत नपुगेको तथा म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही हुने छैन।

**शिलबन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्ने कागजातहरू:**

- मासिक प्रयोजनको लागि दरभाउ पत्र थान-१
- सवारी नविकरण भएको ब्लुबुकको प्रतिलिपि-१
- सवारी चालकको नविकरण भएको चालक अनुमति पत्रको प्रतिलिपि-१
- चालकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि-१
- सवारी साधनको फुल भएको बिमा प्रमाणको प्रतिलिपि-१
- सवारी साधनको नम्बर प्लेट देखिने गरी कलर फोटो थान १

**न्यूनतम शर्तहरु:**

- सवारी साधन राम्रो कन्डिसनको २०२१ वा सो मोडलभन्दा माथि 4 WD भएको सवारी साधन कम्तिमा ५ सिट क्षमता भएको र पछाडी सामान राख्न मिल्ने (पिकअप) हुनुपर्छ।
- सवारी धनीले दरभाउ पेश गर्दा इन्धन बाहेक मासिक दरभाउ पेश गर्नुपर्नेछ।
- दरभाउ पत्र कार्यालयबाट खरीद गर्नुपर्नेछ।
- दरभाउ पत्र खरिदका लागि रु. १०००/- कार्यालयको राजस्व खाता (२७३०२०००००१००१००००००१) मा जम्मा गरि दाखिला भौचर पेश गर्नुपर्नेछ।
- सवारी साधनको मर्मत सम्भार र सर्भिसिङ लगाएतको व्यवस्था सवारी धनी स्वयमले गर्नु पर्नेछ।
- सवारी भाडामा लिए पश्चात सवारी साधन कार्यालय परिसरमा राख्नुपर्नेछ।
- सवारी बिग्रियर सेवा दिन असमर्थ भएमा बैकल्पिक सवारीको व्यवस्था गर्ने जिम्मेवारी सवारी धनीको हुनेछ। अन्यथा उक्त अवधिभरको दिन गन्तीका हिसाबले रकम कट्टा गरिनेछ।
- सवारी लगवुकको अभिलेखिकरण सवारी धनीले व्यवस्थापन गर्नुपर्ने र रकम भुक्तानीको लागि लगवुकको प्रमाणित छायाँ कपी सहित पेश गर्नु पर्ने।
- कार्यालयको हितलाई ध्यानमा राखी पेश भएका शिलबन्दी दरभाउपत्रहरू पूर्ण रूपमा वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयको हुनेछ।
- उल्लेख नभएका शर्तको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।
- थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

कार्यालय प्रमुख
पूर्वाधार विकास कार्यालय
पर्वत